आज मिति २०७५ फाल्गुन १२ गते आईतबार दिनको २:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ६६ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री सोफिया सुनाम | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री कर्ण बहादुर श्रेष्ठ | सदस्य | |
| ६. | ४ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री सानुबाबु श्रेष्ठ | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री टीकाराम ज्ञवाली | सचिव | |

**अन्य उपस्थिती** :-

१. वरिष्ठ अधिकृत श्री दीपक कुमार के.सी.

२. लेखा अधिकृत श्री बिन्जु बज्राचार्य

३. क.अ. श्री गीता तामाङ

४. क.अ. श्री विकाश गुरुङ

मिति २०७५/११/१० गते नगर प्रमुखज्यूबाट मिति २०७५/११/१२ गते नगर कार्यपालिकाको ६६ औं बोर्ड बैठकमा पेश गर्न आदेश भई नगरकार्यपालिकाबाट निर्णय भएका विषयहरु देहायबमोजिम रहेका छन ।

**तपसिल**

| सि नं | विषय | कानूनमा उल्लेख भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १ | भवन निर्माण सम्बन्धमा | | • यस दक्षिणकाली नगरपालिका वडा नं. ५ स्थित त्रिभुवन आदर्श मा.वि. रहेको आसपासमा करिव १५ रोपनी खाली जग्गा नगरपालिकाले लिने र उक्त स्थानमा दक्षिणकाली न.पा.को भवन निर्माण प्रक्रिया अघि बढाउन सम्बन्धित निकायमा अनुरोध गर्ने । |
| २ | योजना सम्बन्धमा | | • यस नगरपालिकाको नगरसभाबाट आर्थिक वर्ष २०७५।७६ को लागि विनियोजन भएका योजना तथा कार्यक्रमहरुको विशेष कारणले संचालन गर्न नसक्ने परिस्थिति उत्पन्न भई वडा समितिबाट संशोधनको लागि सिफारिस भई आएमा नगरप्रमुखले फाल्गुण मसान्तसम्म मात्र संशोधन गर्ने ।<br>• आर्थिक वर्ष २०७५/०७६ को लागि विनियोजन भएका योजना तथा कार्यक्रमहरुको सम्झौता २०७५ चैत्र मसान्त सम्ममात्र गर्ने । |
| ३ | बैदेशिक भ्रमण सम्बन्धमा | | • यस दक्षिणकाली नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि विभिन्न देशका केन्द्र सरकार, प्रदेश तथा स्थानीय सरकारबाट बैदेशिक भ्रमणको (Government to Government) लागि निमन्त्रणा तथा मनोनयन भई आएमा त्यस्ता भ्रमणको लागि आवश्यक पर्ने यातायात तथा बास खर्च भ्रमण पश्चात छलफल गरि आवश्यक व्यवस्था मिलाउने । |
| ४ | विविध | | • यस दक्षिणकाली नगरपालिका क्षेत्रभित्रका आर्थिक अवस्था अत्यन्त कमजोर भएका साथै मृगौला सम्बन्धि रोग लागि उपचार भईरहेका तपसिल बमोजिमका व्यक्तित्वलाई तपसिल बमोजिमको |

| | | | |
|---|---|---|---|
| | | | आर्थिक सहायता प्रदान गरिएकोले उक्त रकम अनुमोदन गर्ने ।<br>– बालकृष्ण महर्जन रु २५,०००।–<br>– कान्छा भाई बलामी रु २५,०००।–<br>– राम कृष्ण प्रधान रु २५,०००।–<br>• दक्षिणकाली नगरपालिका वरिष्ठ अधिकृत श्री दिपक कुमार के.सी. ज्यूको पुजनिय पिता श्री हरि बहादुर खत्री ज्यूको मिति २०७५/११/१० गते स्वर्गारोहण भएकोले उहाँको मृत आत्माको चिरशान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं । |